## विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको बैठक

**मिति : २०७७।०४।२२**
**समय : २:०० बजे**
**स्थान** : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चका अध्यक्षज्यूको अध्यक्षतामा बसेको दोश्रो **विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको** बैठकमा उल्लिखित मिति र समयमा बिभिन्न ९ सरोकारावाला समूहका प्रतिनिधिहरुको उपस्थितिमा, निम्न विषय उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।
**छलफलका लागि प्रस्तुत विषयहरु :**
१. कार्यमञ्चको खेस्रा मार्गदर्शन सम्बन्धमा ।
२. कार्यमञ्च अन्तर्गतका सरोकारवाला समूहका गठन सम्बन्धमा ।
३. कार्यमञ्चको आ.व. २०७७।७८ को लागि बार्षिक कार्ययोजना सम्बन्धमा ।
४. कार्यमञ्चलाई प्रदेश र स्थानीय तहमा विस्तार गर्ने सम्बन्धमा ।
५. विविध ।

**निर्णयहरु :**

**निर्णय १ :** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको संचालन मार्गदर्शनको खेस्रा लेखन २०७१ सालबाट सुरु भइ हालसम्म बिभिन्न चरणमा बैठकहरु बसी उक्त मार्गदर्शनलाई अन्तिम रुप दिइएको भएता पनि मार्गदर्शनले परीकल्पना गरेका ९ सरोकारवाला समूहबाट पनि समूहगतरुपमा सुझाव सल्लाह लिन बांकी रहेको तथ्यलाई मनन गर्दै आउदो एक हप्ता भित्र सबै सरोकारवाला समूहबाट सुझाव संकलन गरी सो सुझाव उपर छलफल गरी मार्गदर्शनलाई अन्तिम रुप दिने निर्णय गरीयो ।

**निर्णय २ :** कार्यमञ्चले परीकल्पना गरेका ९ सरोकारवाला समूहबाट यस बैठकमा प्रतिनिधित्व गर्नुहुने सहभागीहरुलाई उक्त समूहको तदर्थ प्रतिनिधि मानी उहांहरुले एक हप्ता भित्र उक्त समूहको संक्षिप्त परीचय, उक्त समूहले समेट्ने बृहद कार्यक्षेत्र समाविष्ट गरीएको जानकारी उपलब्ध गराइदिन अनुरोध गरीयो ।

**निर्णय ३ :** मिति २०७७।०३।३१ मा बसेको कार्यमञ्चको बैठकमा छलफल भएको, कार्यमञ्चको निम्नानुसारको आ.व. २०७७।७८ को बार्षिक कार्ययोजना उपर एक हप्ता भित्र सुझाव सल्लाह दिन अनुरोध गरीयो ।

***छलफल गरीएको बार्षिक कार्ययोजना***

- *विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको सम्पर्क कार्यालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यालयमा स्थापना गरी प्राधिकरणको काममा सहजीकरण र सहयोग गर्ने ।*

- *कार्यमञ्चको कार्यविधिलाई अन्तिम रुप दिने र कार्यमञ्चलाई प्रादेशिक तथा स्थानीय तह सम्म विस्तार गर्न सचेतनामुलक कार्यक्रम गरी कार्यमञ्च अन्तर्गत बिभिन्न समुहहरु गठन गरी, उक्त समुह वीच नियमित वैठक तथा छलफल गरी विपद् व्यवस्थापनलाई प्रभावकारी र समन्वयत्मक रूपमा अगाडी वढाउने ।*
- *सबै समुहको कार्य अनुभव र सिकाइहरूको आदान प्रदानका लगि वर्षको २ वटा वैठकहरुको आयोजना गर्ने ।*
- *राष्ट्रिय स्तरमा बहु दिवसीय बृहत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्मेलनको आयोजना गर्ने ।*
- *नियमीत रुपमा सान्दर्भीक र महत्वपूर्ण सिकाइ र अनुभवहरुको आदन प्रदान गर्ने ।*
- *स्थानीय तह केन्द्रित राम्रा सिकाइ र असल अभ्यासहरुको संगालो प्रकाशन र वितरण गर्ने ।*
- *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरुको डाटाबेस तयार गरी अद्यावधिक गर्ने ।*
- *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसंग सम्बन्धित विभिन्न दिवसहरु मनाउनको लागि सरोकारवालाहरुसंग समन्वय गर्ने ।*
- *संयुक्त प्रयासवाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यलाई अगाडी वढाउनको लागि विभिन्न समूह र निकायहरू वीचको सहकार्य र समन्वयको लागि वैठकहरूको आयोजना गर्ने र संयुक्त रूपमा काम गर्ने संस्कृतिको विकास गर्न पहल गर्ने ।*
- *नगद हस्तान्तरण, समावेसी विपद् व्यवस्थापनमा लैंगीक समानता तथा सामाजीक समावेशीकरण जस्ता विषयमा सरोकारवाला वीच छलफल चलाई आबस्यक निति वनाउन प्राधिकरणलाई सघाउने ।*

**निर्णय ४ :** ९ वटै सरोकारवाला समूहको संयुक्त प्रयासमा प्रदेश तथा स्थानीय तहमा कार्यमञ्च बिस्तार गर्न पहल गर्ने निर्णय गरीयो ।